नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

## शुभकामना

"Beyond Awareness: Making Elder Abuse Prevention Work" भन्ने अन्तर्राष्ट्रिय "दुर्व्यवहार विरुद्ध सचेतनाको अभिवृद्धिः ज्येष्ठ नागरिकका लागि खुशी र समृद्धि" भन्ने राष्ट्रिय नाराको साथ मनाउन लागिएको ज्येष्ठ नागरिक प्रति हुने दुर्व्यवहार विरुद्धको २१औं विश्व चेतना दिवसको अवसरमा समाजका अग्रज ज्येष्ठ नागरिक तथा सम्वद्ध सबैमा शुभकामना व्यक्त गर्दछु।

ज्येष्ठ नागरिक माथि हुने दुर्व्यवहार विरुद्धको रोकथामका लागि अन्तर्राष्ट्रिय संजाल (INPEA) ले सन् २००६ देखि प्रत्येक वर्षको जुन १५ लाई ज्येष्ठ नागरिक दुर्व्यवहार विरुद्धको विश्व चेतना दिवसको सन्दर्भमा कार्यक्रम मनाउदै आएको र सन् २०१२ मा पहिलो पटक सयुक्त राष्ट्र संघले उक्त दिवसलाई औपचारिक रुपमा मनाउन सुरु गरेको हो। नेपालले पनि सोही वर्ष देखि यो दिवस विविध कार्यक्रम आयोजना गरी मनाउँदै आएको छ।

ज्येष्ठ नागरिक अनुभवी, ज्ञान, सीपको खानी तथा पथ प्रदर्शक हुन्। आफ्नो उर्जाशील समय कुनै न कुनै तरिकाबाट राष्ट्र, समाज र परिवारको लागि व्यतीत गरी जीवनको उत्तरार्द्धमा रहेका ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था संविधानमा रहेको छ। ज्येष्ठ नागरिकको संख्या विश्वव्यापी रुपमा दिन प्रतिदिन बढ्दो क्रममा छ। पारिवारिक सामाजिक संरचना, एकल परिवार, वैदेशिक रोजगारी तथा व्यस्त जीवनशैलीका कारण कतिपय ज्येष्ठ नागरिकहरु एक्लोपना, उपेक्षा र असुरक्षित जीवनयापनमा रहेका छन्। ज्येष्ठ नागरिकको शारिरिक,मानसिक तथा सामाजिक सुरक्षामा विशेष ध्यान दिई दुर्व्यवहार रहित जीवनयापन गर्नका लागि सचेतना अभिवृद्धि गर्दै जीवन सहज सरल र मर्यादित बनाउन सकिन्छ।

ज्येष्ठ नागरिक प्रति हुने दुर्व्यवहार विरुद्ध सचेतना अभिवृद्धि गर्दै दुर्व्यवहारको अन्त्य गर्न हामी सबैको साझा दायित्व हो। ज्येष्ठ नागरिकका सवालमा तीनै तहका सरकार, सरोकारवाला निकाय, नागरिक समाज, घर परिवार लगायत सबै क्षेत्रको समन्वय, सहकार्य र साझेदारी आवश्यक छ। अन्तमा ज्येष्ठ नागरिक प्रति हुने दुर्व्यवहार विरुद्धको २१औं विश्व चेतना दिवसको अवसरमा सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

राधिका अर्याल

सचिव

सचिव

धन्यवाद

मितिः२०८३।०३।०१